## विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावको विरोधको सूचना

(प्रतिनिधि सभा नियमावली, २०७९ को  नियम १०५ सँग सम्बन्धित)

श्री सचिव,
प्रतिनिधि सभा ।

विषयः विरोधको सूचना सम्बन्धमा ।

म प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम देहायको कारणसहित निम्न विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावको विरोधको सूचना पेश गर्न चाहन्छु:

**विधेयकको नाम: केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८०**

| विरोध गरिएको दफा | विरोध गर्नु परेको कारण |
|---|---|
| **६४** | प्रस्तावित विधेयकले स्वतन्त्र हुनुपर्ने न्यायलयको कामलाई राजनीतिकरण गरी संविधानले सुनिश्चित गरेको पिडितको न्याय पाउने अधिकारलाई नै छिन्ने प्रयास गरेको छ । प्रस्तुत विधेयकमा प्रस्ताव गरेको दफा ६४ को संशोधन- (१) संविधान विपरित, (२) कानूनी सिद्धान्त विपरित र सर्वोच्च अदालतको नजिर विपरित, (३) अन्तर्राष्ट्रिय कानून विपरित भइ (४) अदालतको काम कर्तव्य र अधिकारमा हस्तक्षेप गर्ने भएकाले यो विधेयकको विरोध प्रस्ताव दर्ता गर्न चाहन्छु ।<br><br>दफा ६४ मा राजनीतिक प्रणालीसँग असहमत भई गरेका हिंसात्मक क्रियाकलाप विरुद्ध चलाइएका मुद्दालाई यदि ती दल वा समूहले शान्तिपूर्ण राजनीतिमा आउने प्रतिबद्धता देखाए सरकारले फिर्ता लिन सक्ने भन्ने व्यवस्था प्रस्ताव गरिएको छ ।<br><br>के शान्तिपूर्ण मूलधार राजनीतिमा आउने प्रतिबद्धताले पहिला गरेको हिंसा मेटाउँछ ? के हिंसाबाट प्रभावित नागरिकलाई न्याय हुन्छ ? के कसैको ज्यान नै लिए पनि अब शान्तिपूर्ण हुन्छौँ भनेपछि त्यो ज्यान फिर्ता हुन्छ ? सरकारले यस्ता अपराधबाट पिडितलाई ज्यान फिर्ता दिन नसके पनि न्याय दिन सक्छ । तर सरकारले अदालतमै पुगे पनि मुद्दा फिर्ता लिएपछि कसरी न्याय हुन्छ ?<br><br>**१. संविधान विपरित**: प्रस्तुत विधेयकको दफा ६४, संविधानको धारा २१ ले सुनिश्चित गरेको अपराध पिडितको आफ्नो मुद्दामा अनुसन्धानको जानकारी पाउने हकको साथै अन्यायमा परेकाले न्याय पाउने मौलिक अधिकार  विपरित छ । साथै, धारा ४६ ले सुनिश्चित गरेको यी मौलिक हक हनन् विरुद्ध उपचार पाउने हक विपरित छ। संविधानले सुनिश्चित गरेको हकलाई यसरी राज्यले खोस्न मिल्दैन । कुनै पनि ऐन संविधानभन्दा माथि नहुने कानूनी सिद्धान्त संविधानको धारा १ मा उल्लिखित छ । त्यसैले संविधान विरुद्ध जाने यो विधेयक दर्ता हुन सक्दैन ।<br><br>**२. कानूनी सिद्धान्त विपरित**: विधेयकले प्रस्ताव गरेको “हिंसात्मक क्रियाकलाप” मुलुकी अपराध संहिताको  दफा ४१ मा जघन्य भनि उल्लिखित दफा ४१ (क) मा क्रूर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको ४१ (ग) अपहरण गरी वा शरीरबन्धक लिई ज्यान मारेको ४१ (ङ) कुनै जात, जाति वा सम्प्रदायको अस्तित्व नै लोप गर्ने जातिहत्या (जेनोसाइड) गरेको वा गर्ने उद्देश्यले कसूर गरेको वा ४१ (च) जबर्जस्ती करणी गरी ज्यान मारेको हुन सक्छ । के यसरी संहिता आफैले जघन्य मानी जन्मकैद वा दश वर्षभन्दा बढी कैद सजाय तोकेका मुद्दाहरु पनि सरकारले फिर्ता लिन सक्छ ? कसैको बाँच्ने मौलिक हक नै हनन् गरेकालाई यस पश्चात् शान्तिपूर्ण हुनेछु भन्दैमा माफी दिन सकिन्छ ?<br><br>यस विषयमा सर्वोच्च अदालतबाट प्रतिपादित नजिरले पनि राजनैतिक व्यवस्था वा सरकार परिवर्तन हुँदैमा जनताको बाँच्न पाउने स्थापित मौलिक हक अधिकारको |

| | |
|---|---|
| | उपभोगलाई अन्यथा रुपमा प्रभावित गर्न दिन मिल्ने अवस्था आए संविधान र कानुन बमोजिम अदालतले जनताको हक अधिकारको संरक्षण गर्ने कुरामा पछि हट्न नहुने भनेको छ । कानुन र संविधानको मनसाय जुनसुकै मुद्दा फिर्ता लिन हुन्छ भन्ने होइन र सरकारको उद्देश्य दण्डहीनतालाई प्रोत्साहन दिनु पनि होइन । गम्भीर प्रकृतिका मानवीय कानुन उल्लंघन भएका मुद्दाहरूमा समेत विषयवस्तुको गम्भीरता नहेरी सरकारले फिर्ता गर्दै जाने र अदालतले पनि औचित्य तर्फ नहेर्ने हो भने जनताको जीउ धानको संरक्षण गर्ने सरकारको उत्तरदायित्व तथा जवाफदेहीपनको अभाव हुन गई कानुनी राज्यको अस्तित्वमै प्रश्न उठ्ने सर्वोच्च अदालतको व्याख्या रहेको छ । (निर्णय नं. ८०१३, ने.का.प. २०६५ , अङ्क ९) ।<br><br>यो विधेयकको प्रावधान भइसकेका घटनालाई प्रभावित पार्ने उद्देश्यले कानून तर्जुमा गर्नु हुँदैन भन्ने Ex Post Facto Law फौजदारी सिद्धान्तको विपरित पनि छ ।<br><br>**३. अन्तर्राष्ट्रिय कानून विपरित**: नेपालले मानव अधिकार, मानवता सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा हस्ताक्षर गरेको छ । सन् १९४८ डिसेम्बरमा संयुक्त राष्ट्रसंघको साधारण सभाले अनुमोदन गरेको मानव अधिकारको विश्वव्यापी घोषणाका साथै, नेपालले अनुमोदन गरेका नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६, जातीहत्या अपराधको रोकथाम र सजाय सम्बन्धी महासन्धि १९४८, बाल अधिकार सम्बन्धी महासन्धि १९८९, यातना तथा अन्य कुर,अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि १९८४ लगायतका महासन्धि र अन्तर्राष्ट्रिय रुपमा सर्वमान्य कानुनी सिद्धान्तको विपरीत हुने गरि हामीले मानवता विरोधी कानुन तर्जुमा गर्नु उपयुक्त हुँदैन ।<br><br>**४. अदालतको काम कर्तव्य र अधिकारमा हस्तक्षेप** : लोकतन्त्र गन्तव्य हैन यात्रा हो । यो यात्रा निरन्तर राख्नका लागि देश न्यायको शासनको सिद्धान्तमा चल्नुपर्छ । राज्यका सबै अङ्ग न्यायपालिका, व्यवस्थापिका र कार्यपालिका एक अर्काप्रति समान हुन्छन् र देश यो लोकतन्त्रको यात्रामा रहोस् भनेर एक अर्कालाई जवाफदेही बनाउँछन् । यस्तो नाजुक प्रणालीमा एक अङ्गले अर्कोको अधिकारमाथि हस्तक्षेप गरेमा हामीले लोकतन्त्रको बाटो बिराउनेछौँ ।<br><br>अदालतमा चलिरहेका अथवा चल्न सक्ने अधिकारक्षेत्र भएको मुद्दामा सरकारले हस्तक्षेप गर्न मिल्दैन र यो शक्ति पृथकीकरणको सिद्धान्तको समेत विरुद्ध हुन जान्छ । आपराधिक आरोप लागेका व्यक्तिको न्यायालयबाट उचित न्यायिक परीक्षण हुनुपर्ने पनि हो, जुन हुन नसकेमा प्राकृतिक न्यायको सिद्धान्त due process of law को समेत उल्लङ्घन हुन्छ । यसरी आपराधीक आरोप लागेका अथवा अपराध सिद्ध भएकालाई के कारणले संरक्षण दिनको निम्ति यस्तो नेपाली नागरिकलाई घात हुने, कानुनी राज्यको मर्ममा आघात पार्ने, अदालती प्रक्रिया पूरा हुन नदिने गरी कानुन संशोधन गर्ने के आवश्यकता छ ?<br><br>यसरी सरकारले आपराधिक दायित्वबाट छुटकारा दिन थालेमा जनताको कानूनी राज्यप्रतिको विश्वास समाप्त हुनेछ, सबैलाई एक सरह कानून नलाग्दा अराजकताको माहोल सृजना हुने प्रबल सम्भावना छ । न्यायलयलाई आफ्नो काम गर्न दिऔँ । न्याय अन्याय छुट्टाउने, रिहा गर्ने वा सजाय दिने अधिकार न्यायका सर्वमान्य सिद्धान्त र कानुनका आधारमा उसैको क्षेत्राधिकारमा छोडौँ ।<br><br>यो संशोधनले आफ्ना एजेण्डा या मुद्दाहरू पूरा गराउन हिंसात्मक गतिविधि गर्ने र गम्भीर रुपमा मानवअधिकार उल्लंघन गर्नेहरुले समेत राजनीतिक रंग दिई मुद्दा बनाई कारवाहीबाट उन्मुक्ति पाउने खतरा रहन्छ । अत: राजनीतिक स्वार्थका लागि यो ऐन दुरुपयोग हुनसक्छ । त्यसैले यो संशोधन गलत छ ।<br><br>नेपालमा हाल ११९ वटा राजनैतिक दलहरु दर्ता छन् । यो हिसाबले यी सबै दलहरुले न्यायालयमा विचाराधीन मुद्दालाई प्रभाव पार्ने अधिकार प्राप्त गर्नेछन् । भविष्यमा यसरी मुद्दाहरु प्रभाव पार्न नै नयाँ दल दर्ता हुने थाले भने, त्यसको जिम्मेवारी कसले लिने ?<br><br>राजनीतिका नाममा हुने कुकर्म र अपराधलाई प्रश्रय दिनु हुन्न । सत्ता गठबन्धनको |

| | |
|---|---|
| | समीकरण मिलाउन यस्तो दूरगामी असर पार्ने संशोधन ल्याउन कति जायज होला ?<br><br>नेपालमा प्रचलित भनाई छ “सानालाई ऐन ठूलालाई चैन” र ऐन बनाउन बसेका मूर्धन्य व्यक्तित्वबाटै यस्ता विधयक पेश हुँदा सो भनाई ठिक हो कि भन्ने भान पर्न थालिसकेको छ । यस्तो कानून पास भएमा कुनै पनि उग्रवादी, आतंकवादी, देशद्रोही वा संगठित आपराधिक समूहले यहि कानूनको आडमा आफ्नो आपराधिक दायित्वबाट उम्कन सक्ने बाटो खुल्छ ।<br><br>मानवता विरोधी, सामाजिक शान्ति तथा राष्ट्रहित विरुद्ध अपराध गर्नेले यसलाई हतियारका रुपमा प्रयोग गरेर राजनीतिक संरक्षणको माध्यमबाट देशको शान्ति अझ खुकुलो बनाउन सक्ने अवस्था देखिन्छ । संशोधनका निमित्त प्रस्तुत कानून अध्ययन गर्दा सामान्य मानिसको मस्तिष्कले समेत यो कानुन मानवताविरोधी अपराध गरेर थुनामा रहेका अथवा जाने क्रममा रहेका केही पात्रहरूलाई तक्काल संरक्षण गर्न आपराधीक दायित्वबाट उम्काउन यस दफाको संशोधन ल्याइएको भनेर समेत बुझ्न सकिन्छ । यसमा vested interest on negative sense वा स्वार्थ बाझिएको प्रष्ट देखिन्छ । |

नाम, थर: सुमना श्रेष्ठ
दस्तखत:

क्रम संख्या: 252
मिति: २०८०/०३/२२